7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

*Chief Administrative Officer*
*Chautara Sangachokgadhi Municipality*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नवनियुक्त श्रममन्त्रीको कार्यभार र चुनौती

अघिल्लोपटक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रवेश गरेको केही दिनमै राजीनामा दिएर बिदा भएका डोलप्रसाद अर्याल पुनः श्रम मन्त्रीको जिम्मेवारीमा फर्किएका छन्। गत वर्षको माघ ३ गते श्रममन्त्री बनेका उनले गठबन्धन परिवर्तन भएपछि २०७९ माघ २२ मा मन्त्रालय छाड्नु परेको थियो। यसपटक प्रधानमन्त्री पुष्पकमल दाहालले कांग्रेससँगको गठबन्धन तोडेर नयाँ गठबन्धन बनाउँदा उनले पहिलेकै मन्त्रालय अर्थात् श्रमको जिम्मेवारी पाएका छन् । मंगलबार विनाविभागीय मन्त्रीको शपथ लिएका उनले बुधबार मन्त्रिपरिषद् बिस्तार हुँदा श्रम मन्त्रालयको जिम्मेवारी पाए । र, बुधबार नै आफ्नो पदभार सम्हालेका छन्।

नवनियुक्त श्रममन्त्री अर्यालले संसारभर रहेका नेपाली मजदुरका समस्या एकद्वार प्रणालीबाट जतिसक्दो चाँडो समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे। बुधबार सिंहदरबारस्थित मन्त्रालयमा पदबहाली गर्दै मन्त्री अर्यालले उक्त प्रतिबद्धता जनाएका हुन्। विदेश र स्वदेशमा रहेका श्रमिकको हकहित आफ्नो पहिलो प्राथमिकता हुने उनको भनाइ छ।

मुलुकमा बेरोजगारी समस्या व्याप्त हुँदा युवाहरू विदेश पलायन हुने क्रम बढ्दो छ । स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने सरकारको घोषणा घोषणामै सीमित हुँदै आएको छ। जसकारण वैदेशिक रोजगारीका लागि विदेसिन बाध्य छन् नेपाली युवा । स्वदेशमा रोजगारी सिर्जना गर्न नसकेको सरकारले युवाहरूलाई वैदेशिक रोजगारीमा पठाउने कार्यलाई प्राथमिकतामा राखेको देखिन्छ। यसको प्रत्यक्ष स्वार्थ मुलुकमा धेरै रेमिटचान्स भित्र्याउनु रहेको प्रस्ट हुन्छ। त्यो सबैले बुझेका छन्। र, अहिले मुलुकको अर्थतन्त्र धानेको पनि रेमिटच्यान्सले नै हो।

चालु आर्थिक वर्षको तथ्यांक हेर्दा पनि रेमिटच्यान्समा उच्च वृद्धि भएको छ। जबकि, राजस्व संकलनमा सरकार असफल भइसकेको छ। वैदेशिक अनुदानलगायत लक्ष्यअनुसार प्राप्त नहुँदा सरकारलाई खर्च धान्न निकै कठिन भइरहेको छ । त्यसैले उत्पादनमूलक उद्योग, कलकारखाना स्थापना र सञ्चालनमा भन्दा पनि वैदेशिक रोजगारीमा युवालाई पठाउनमा सरकारको प्राथमिकता देखिन्छ।

तर, वैदेशिक रोजगारीको क्षेत्रमा अनेकौं चुनौतीहरू रहेका छन्। पटक–पटक मन्त्री फेरिएर आए पनि वैदेशिक रोजगारीका समस्या हल गर्न सकेका छैनन् । वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन सरकारले सकिरहेको छैन । खाडी मुलुक तथा मलेसियाको रोजगारी निःशुल्क गर्ने नीति सरकारले लागू गरेको वर्षौं बित्दासम्म श्रमिकले 'फ्रि भिसा, फ्रि टिकट'मा वैदेशिक रोजगारीमा जान पाएका छैनन्।

दोस्रोपटक श्रम मन्त्रालयको जिम्मेवारी सम्हालेका अर्याललाई त्यतिखेर योजना कार्यान्वयनमा ल्याउने अवसर मिलेको छ । उनीमाथि आन्तरिक रोजगारी प्रवर्द्धन र वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नुपर्ने चुनौती छ। सुरक्षित, मर्यादित, पारदर्शी र व्यवस्थित वैदेशिक रोजगारीलाई व्यवहारमा उतार्नुपर्ने जिम्मेवारी आएको छ । यी कार्यमा नवनियुक्त मन्त्री अर्यालको ध्यान जाओस्। शुभकामना।

## मननयोग्य

### चाणक्य नीति

अनि के, राक्षसले आवेश र जिज्ञासाले सोधे। अनि चाणक्यका आज्ञाले सबै नियम तोड्दै सेल्युकसलाई सहायता दिने राजा आम्भी र उनका छोरालाई मृत्युलोक पुयाइदिए- सैनिकले उत्तर दिए। यो मुनी राक्षस, पुरु, मलय तीनैजना आवेशमा यताउति टहलन लागे। पुरुले भने लाग्छ चाणक्यलाई हाम्रो कुचक्रको बारे थाहा भयो।

सेनानायकले भने- 'मैले बुझ्न सकिन, चन्द्रगुप्तलाई कसरी हामीप्रति विश्वास भयो। जुन समय चन्द्रगुप्त युनानीसँग घोर युद्ध गरिरहेथे। त्यसबेला हामी सहायताका लागि नजिकै खड ा थियौं। हाम्रो सेना प्रधानसेनापतिको आज्ञाको प्रतीक्षामा थियो तर जब आज्ञा आउन ढिलो भयो हाम्रा तर्फबाट कुनै सहायता भएन।

थाहा छैन चन्द्रगुप्तको सेनामा के सांकेतिक शब्द भयो, उनको एक टुकुडी हामीमाथि आइलाग्यो। हामी यो अपर्झटको हमलाका लागि तयार थिएनौं। हाम्रा धेरै सैनिक मरे। केही सैनिक मात्र प्राण बचाएर भाग्न सफल भयौं।'

रक्ताम्य सेनानायक आफ्नो उपचार गराउन हिंडे पुरु र राक्षस विचारमा मग्न रहे। चिन्तातुर हुँदै राक्षसलाई हेर्दै पुरुले भने- 'अब के हुन्छ ? हुन्छ के ? अब पनि हामी आफ्नो शक्ति एकत्र गर्छौं यदि चन्द्रगुप्तले कैकेयपट्टि हेर्ने साहस गरे त्यो महंगो हुनेछ सुतका राजा चित्रवर्मा, मलायाधिपति सिंहनाद कश्मीर नरेश पुष्करनवन, सिन्धुपति सिन्धुसेनलाई निमन्त्रणा पठाउनुहोस्। आफ्नो सेना तयार राख्नोस मी चन्द्रगुप्तसँग प्रत्यक्ष युद्ध पनि गर्नसक राक्षसले अनुहार कालो नीला पाई हत्केलामा हातले हिर्काउदै भने।

तपाईंको साहस धन्य छ मित्र ? यत्रो सम्पूर्ण कुरा भइसक्दा पनि फेरि त्यही उत्साह ?

केही सोच्दै राक्षसले आफ्नो सबैभन्दा योग्य र विश्वस्त गुप्तचर विराधलाई भन्न लागे- 'तिमी आफ्नो समाचार सुनाऊ मित्र ? अब तिमी नै भन चाणक्यलाई कसरी जित्ने ?'

तपाईंको कृपा मालिक ! हामी शत्रुलाई शत्रुकै तीरले मार्छौं। मैले चाणक्यको 'कौटिल्य अर्थशास्त्र' मागेर पढैं। त्यसमा शत्रुनाशका धेरै कुरा लेखिएका छन् हामी चन्द्रगुप्तको सेनामा विद्रोहको बीउ रोप्छौं। राज्याधिकारी र मन्त्रीहरूमा स्वार्थको बीउ हालेर फुट पैदा गर्छौं। मलाई तिमीजस्तो साथीसँग पूरा भरोसा छ विराध तिमी सुझबुझले ओतप्रोत भएका व्यक्ति हौ।

राक्षस र विराधको यो कुरा हुँदै थियो। एउटा संकेत स्वरले दुवै झस्के विराधले सतर्क हुँदै भन्यो- 'लाग्छ कुनै गुप्तचर हो। शत्रु या मित्र यसलाई हेर्नुपर्दछ'।

उसलाई हेर्न विराध हिँड्यो अगाडि जीवास एक अपरिचितलाई लिई आइरहेछ।

क्रमशः

# खोलिएला वामपन्थी एकताको ढोका ?



▶▶ फणीन्द्र फुयाल 'ज्वाला'

> अहिलेको वाम सहकार्य भने देखावटी मात्र हुनुहुँदैन । यो सहकार्यले राजनीतिक स्थिरतासँगै सुशासन, सेवा प्रवाह र आर्थिक विकासको प्रत्याभूति दिलाउन सक्नुपर्छ । यो सहकार्य फेरि पनि सत्ता स्वार्थकै सिलसिलामा सीमित हुनुहुँदैन । कांग्रेस-माओवादी सत्ता गठबन्धन तोडिनुमा कांग्रेसका केही नेताको व्यक्तिगत हठले पनि काम गरेको कांग्रेसकै नेताहरूले बताइरहेका छन् ।

भर्खरै नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नेकपा माओवादी केन्द्रले नेकपा एमालेसँगको गठबन्धनमा आउनु वामपन्थीहरूको एकताका लागि आधा दैलो खुलेको घटनाका रूपमा लिन सकिन्छ। सत्ता स्वार्थको दृष्टिकोणलाई अलि पर राखेर हेर्ने हो भने यो अत्यन्तै सकारात्मक र स्वागतयोग्य कार्य हो।

तत्कालीन नेकपा विभाजन भएयता जसरी नेपालको राजनीतिमा एकाएक नयाँ परिवर्तन आएको छ, यो सकारात्मक पक्ष हो। जनताले चाहेको एकता, सुशासन, पारदर्शिता र विकास हो। वामपन्थी सहकार्य र एकता त झन सबै परिवर्तनकामी जनताको आकांक्षा नै हो। चार दल चारतिर फर्किएर 'सुखी नेपाली र समृद्ध नेपाल' बन्दैन। आखिर देशको सम्पूर्ण नीति नै राजनीतिमा निर्धारित भएपछि जनताले पनि दलहरू मिलेकै देख्न चाहेका छन्। दलहरूबीचको दूरी जति बढ्दै जान्छ, विकास, सुशासन, सुख पनि जनताको घर-आँगनबाट टाढिँदै जान्छ।

वामपन्थी भनेका देशका क्रान्तिकारी शक्तिहरू हुन्। क्रन्तिकारीहरू पुरानो र सानो उपलब्धिमा रमाएर बस्दैनन्। उनीहरू नयाँ-नयाँ वैज्ञानिक खोज, अनुसन्धान, प्रयोग र परिणाममुखी कार्यमा आफ्नो समय, शक्ति, र सीप लगाउँछन्। सोहीअनुरूप भर्खरै भएको एमाले-माओवादीको सहकार्यले पनि वामपन्थी एकताको दैलो आधा खुला गरेको छ। यदि सरकारको यो एकता बाहय शक्तिले गराइदिएको भए यसमा गर्व गर्नुपर्ने कुनै नौलो कुरा छैन, तर आफ्नै चेतना, विवेक र सत्बुद्धिले दाहाल-ओलीबीच सहकार्य गरिएको हो भने यो एकता टिकाउ हुनेमा विश्वास लिनुपर्छ। यसलाई थप मलजल गर्न अन्य वामपन्थी शक्तिहरूले पनि होस्टेमा हैंसे थप्नुपर्छ।

विगतमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहालबीच चरम उतारचढावपूर्ण सम्बन्धबीच बिग्रेको सहकार्य पुनः अघि बढेको छ। अहिले बनेको गठबन्धन वाम तथा देशभक्त प्रगतिशीलहरूको हो। पोहोर चुनावको म्यान्डेटअनुसार माओवादी सरकार बनाउने तयारीमा थियो। अन्तिम समयमा कांग्रेसले एमालेसँग सहकार्य गर्ने निष्कर्षमा पुगेपछि त्यसबेला बाध्यात्मक अवस्थामा एमाले-माओवादीबीच वाम सहकार्य भयो। तर त्यो पछि टिकेन।

अहिलेको वाम सहकार्य भने देखावटी मात्र हुनुहुँदैन। यो सहकार्यले राजनीतिक स्थिरतासँगै सुशासन, सेवा प्रवाह र आर्थिक विकासको प्रत्याभूति दिलाउन सक्नुपर्छ। यो सहकार्य फेरि पनि सत्ता स्वार्थकै सिलसिलामा सीमित हुनुहुँदैन। कांग्रेस-माओवादी सत्ता गठबन्धन तोडिनुमा कांग्रेसका केही नेताको व्यक्तिगत हठले पनि काम गरेको कांग्रेसकै नेताहरूले बताइरहेका छन्।

### कांग्रेससँगको दरार

पछिल्लो समय कोशीमा मुख्यमन्त्री चुनाव, राष्ट्रिय सभा चुनाव आदिमा कांग्रेसको कारण माओवादीसँगको सहकार्यमा दरार आयो। अविश्वास बिस्तारै बढ्दै गयो। कांग्रेसको महासमिति बैठकमा तीनवटा कुरा आए। संविधानको रक्षा र कार्यान्वयनमा प्रश्न उठाउने गरी धर्मनिरपेक्षतामा प्रश्न बहुमतबाटै उठ्ने अवस्था बन्यो, जसबाट माओवादी कार्यकर्तामा एउटा मनोविज्ञान बन्यो।

अर्को, कांग्रेसले रुखबाहेक अन्त भोट नहाल्ने भन्यो। भविष्यका लागि यो उसको स्वाभाविक प्रस्ताव भए पनि आजै माओवादीलाई सरकारमा नबस भनिएको जस्तो व्यवहार भयो। तेस्रो, कांग्रेस सभापति शेरबहादुर देउवाकातर्फबाट पेस गरिएको नीतिगत प्रस्तावमा जनयुद्ध आवश्यक थिएन, असान्दर्भिक र ध्वंसात्मक थियो, क्षति भयो भनेर चर्चा भयो। शान्ति प्रक्रियाको सहयात्री मानेकै शक्तिले शान्ति प्रक्रियामासमेत प्रश्न उठाउन खोजेको अनुभूति माओवादीलाई भयो। त्यसले गर्दा यी दुई दलबीच सरकारमा सँगै बस्न नसकिनेतर्फ वातावरण धुमिल हुँदै गयो। सेवा प्रवाह, विकासको क्षेत्रमा काम गर्न प्रधानमन्त्रीले चाहे पनि त्यसका लागि कांग्रेसले सहयोग गर्न नखोजेको जस्तो, खासगरी युवा पुस्तामा पनि आशा जगाउने गरी तीन महिनायता काम गर्न खोज्दा नसकिने अवस्था भयो। सत्तामा परिणाममुखी काम गर्न नसकेर बसिराख्नुको मात्रै अर्थ नदेखिएकाले गर्दा सरकार निर्माणको कोर्स परिवर्तन नै गर्नुपर्ने आवश्यकता बढेको घामजत्तिकै छर्लंग छ। यी सबै पृष्ठभूमिमा विकास, राजनीति र सोच मिल्नेहरूका बीचमा विकास, सेवा प्रवाह र सुशासनमा काम गर्नेहरूबीच समझदारी बनेको देख्न सकिन्छ।

निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रधानमन्त्री दाहाललाई नै बाइपास गरेर एकलौटी तरिकाले काम गर्न खोज्नु, चिनियाँ अनुदान अस्वीकार गर्नु पनि मुख्य कारक तत्त्वहरू रहेको माओवादी केन्द्रका नेताहरूले बताउने गरेका छन्। आफूलाई कांग्रेसले घेरोबन्दीमा परेकाले गठबन्धनलाई लात्ताले हानेर आफूबाहिर निस्किएको प्रधानमन्त्री दाहालले प्रतिक्रिया दिइसकेका छन्।

त्यसो त पुरानो गठबन्धनमा दक्षिणपन्थी शक्तिको प्रभुत्व थियो। त्यसले आमजनतामा देखिएको निराशा चिर्न सकेको थिएन। प्रतिगामी, पुनरुत्थानवादी शक्तिहरूको चलखेल रोक्न पनि त्यसले सकेको थिएन। संविधान, संघीयता, धर्मनिरपेक्षता विरोधी भावना बढेर गएको थियो। मुखले सुशासन भने पनि व्यवहारमा भ्रष्टाचार र कुशासन मौलाएर गएको थियो। समाजवादको दिशा समात्नुपर्नेमा उदारवादलाई ज्यादा सेकताप गर्ने काम भइरहेको थियो।

तर अहिलेको गठबन्धनमा वामपन्थी वर्चस्व छ। यो कत्तिको उदारतापूर्वक प्रस्तुत हुन्छ, आफ्ना नीति, कार्यक्रम कत्तिको प्रगतिशील र रूपान्तरणमुखी बनाउन सक्छ यसैले वामपन्थी एकताको दैलो पूरै खोल्ने कि ढप्क्याउने निर्भर गर्छ।

## अन्तर्वार्ता

# 'पछिल्लो राजनीतिक घटनाक्रममा कुनै बाह्य शक्तिको भूमिका छैन'



पम्फा भुसाल
उपाध्यक्ष, नेकपा माओवादी केन्द्र

- सरकारभित्र आबद्ध भएका दलको कामको अप्ठ्यारोलाई ध्यानमा राखेर विकसित भएको घटना हो यो ।
- हरेक राजनीतिक घटनामा विदेशीलाई जोड्नु गलत हो ।
- पछिल्लो राजनीतिक घटनाक्रम विशुद्ध आन्तरिक उपक्रम हो ।
- तत्काल अस्थिरजस्तो देखिए पनि दीर्घकालमा यसले राजनीतिक स्थायित्व कायम गर्छ ।
- पछिल्लो राजनीतिक समीकरण यो देशको लागि र राजनीतिक स्थिरताका लागि महत्वपूर्ण कदम हुने छ ।
- माओवादी नै नेपालको सबैभन्दा गतिशील पार्टी हो । गतिशीलतालाई अस्थिरता देख्नु भ्रम हो ।

*पछिल्लो राजनीतिक समीकरण बनेसँगै राजनीतिक वृत्तमा विभिन्न प्रकारका प्रतिक्रिया सार्वजनिक हुँदै आएका छन्। सत्ताको नेतृत्व दल नेकपा माओवादी केन्द्रले नेपाली कांग्रेससँगको गठबन्धन तोडेर नेकपा एमालेसहितका दलहरूसँग नयाँ गठबन्धन निर्माण गरेपछि प्रधानमन्त्री पुष्पकमल दाहाललाई अस्थिर पात्रको रूपमा चित्रण गर्दै टिप्पणी हुँदै आएका छन्। यद्यपि, माओवादी नेताहरूले भने यसलाई अस्थिरता नभई गतीशीलता भएको दाबी गर्दै आएका छन्। सरकारको समीकरण बदलिएसँगै पछिल्लो राजनीतिक अवस्थाबारे नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका उपाध्यक्ष एवं पूर्वमन्त्री* ***पम्फा भुसाल****सँग राष्ट्रिय समाचार समिति (रासस)ले गरेको संक्षिप्त कुराकानीः*

**समीकरण परिवर्तनको विषयलाई लिएर विभिन्न टीकाटिप्पणी गरिएका छन्, पछिल्लो घटनाक्रमलाई कसरी लिनुभएको छ ?**

पछिल्लो सत्ता समीकरण हाम्रो देशको नितान्त आन्तरिक विषय हो । यसमा कुनै बाहय शक्तिको भूमिका छ भन्ने कुरा सोच्न पनि सकिन्न। सरकारभित्र आबद्ध भएका दलको कामको अप्ठ्यारोलाई ध्यानमा राखेर विकसित भएको घटना हो यो । नेपालमा हुने हरेक राजनीतिक घटनामा विदेशीलाई जोड्ने गरिन्छ, त्यो गलत हो । पछिल्लो राजनीतिक घटनाक्रम विशुद्ध आन्तरिक उपक्रम हो। यो नयाँ गठबन्धनले छिमेकी मित्रराष्ट्र तथा विश्व समुदायसँग अझै घनिष्ठ सम्बन्ध कायम गरी आफ्नो कामकारबाही अगाडि बढाउँछ। मित्रराष्ट्रसँगको सम्बन्ध अत्यन्त सुदृढ भएर जाने छ।

**छिटोछिटो समीकरण परिवर्तन भइरहँदा राजनीतिक अस्थिरता बढ्यो भन्ने टिप्पणी हुँदै आएको छ नि ?**

तत्कालका लागि संघ र प्रदेशका सरकारमा केही फेरबदल हुँदा त्यस्तो देखिएला तर दीर्घकालमा यो एक प्रकारको सकारात्मक राजनीतिक ध्रुवीकरण हो । यसले राजनीतिमा दिगोपना ल्याउँछ । विगतमा भएको वाम ध्रुवीकरणलाई टिकाउन नसकिएको अवस्थालाई आत्मसात् गरी आत्मसमीक्षा र कमीकमजोरी सुधार गर्दै यो ध्रुवीकरण अगाडि बढ्छ र राजनीतिक स्थायित्वको दिशामा मुलुकलाई लैजान्छ । यो देशमा वाम धार बलियो भयो भने राजनीतिक स्थायित्व हुन्छ । त्यसैले तत्काल अस्थिरजस्तो देखिए पनि दीर्घकालमा यसले राजनीतिक स्थायित्व कायम गर्छ । पछिल्लो राजनीतिक समीकरण यो देशको लागि र राजनीतिक स्थिरताका लागि महत्त्वपूर्ण कदम हुने छ ।

**सत्ता समीकरणमा आएको बदलावबाट संक्रमणकालीन न्यायका बाँकी कार्य पूरा गर्न अप्ठ्यारो पर्ने आशंका गर्न थालिएको छ, त्यस्तै हुने त होइन ?**

शान्ति प्रक्रिया सबै राजनीतिक दल तथा मुलुककै साझा चासो, चिन्ता र सरोकारको विषय हो। त्यसैले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सबै पक्ष प्रतिबद्ध हुनुपर्छ । पुरानो गठनबन्धनमा शान्ति प्रक्रियालाई चाँडै तार्किक निष्कर्षमा पुऱ्याउने सहमति भएको थियो । हिजोको प्रमुख प्रतिपक्ष सत्तामा आउँदै गर्दा त्यसले अझै सहयोग पुग्छ भन्ने मलाई लाग्छ। यो राजनीतिक घटनाक्रमले शान्ति प्रक्रियालाई टुंग्याउन मद्दत गर्ने छ तर कतिपयलाई वाम गठबन्धन मन नपरेर यसलाई भत्काउने कोसिस पनि हुन सक्छ। हाम्रा राजनीतिक दल तथा शीर्ष नेतृत्व आफैंमा बढो परिपक्व छन्, जिम्मेवार छन्।

विगतमा मौलिक ढंगले शान्ति प्रक्रियाका महत्त्वपूर्ण प्रक्रिया सम्पन्न हुँदै आएका हुन् । अब यसका बाँकी कार्यभार पनि सत्तापक्ष र प्रतिपक्ष मिलेरै पूरा गर्ने छन्। नेपालमा सधैंका निम्ति शान्ति सुनिश्चित गर्दै त्यसलाई दिगो बनाउने र त्यसैको जगबाट लोकतन्त्रलाई सुदृढ बनाउँदै समाजवादतर्फ जान सबै दल जिम्मेवारीपूर्वक लाग्ने छन्, लाग्नुपर्छ।

**मुलुकलाई राजनीतिरूपमा स्थायित्व दिन माओवादीले भूमिका खेल्न सकेन भन्ने टिप्पणीलाई कसरी हेर्नुहुन्छ ?**

गतिशीलता र अस्थिरतालाई मानिसले छुट्याउन नसकेर यसो भनिएको हो । माओवादी नै नेपालको सबैभन्दा गतिशील पार्टी हो । यही पार्टीको गतिशीलताले देशमा हालसम्मका ठूला-ठूला परिवर्तन भएका छन्। गणतन्त्र स्थापना भएको छ। राजनीतिक धार अग्रगतिमा बढेको छ। दिगो बनाउन माओवादीले निरन्तर नेतृत्वदायी भूमिका खेलेको छ। गतिशीलतालाई अस्थिरता देख्नु भ्रम हो।

मौसम परिवर्तनको प्रभाव

# रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामीको चाप बढ्दो

**वीरगञ्ज (पर्सा)**- मौसममा आएको परिवर्तनसँगै पर्सामा रुघाखोकी, ज्वरो र श्वासप्रश्वासका बिरामी बढ्दै गएका छन् । केही दिनयता चलेको सुख्खा हावा र गर्मी बढ्दै गएपछि सहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी बढेको जिल्ला स्वास्थ्य कार्यालय पर्साले जनाएको छ ।

कार्यालयका अनुसार वीरगञ्जस्थित नारायणी अस्पताल, प्रभु अस्पताल, नेपाल मेडिसिटी, बयोधा अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निक्कै बढेको छ। दूधे बालकदेखि वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् । पछिल्लो केही दिनयता अस्पतालमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामीको चाप बढेको नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले जानकारी दिए ।

रुघाखोकी, ज्वरो, निमोनियालगायतका बिरामी परेर दैनिक करिब ३० देखि ४० जनासम्म उपचारका लागि अस्पताल आउने गरेको डा. सिंहले बताए । अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले शयचाको अभाव भएको र भूइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको उनले बताए ।

**लामखुट्टे नष्ट गर्न स्प्रे अभियान**

गर्मीसँगै लामखुट्टेको प्रकोप बढ्न थालेपछि वीरगञ्ज महानगरपालिकाले लामखुट्टे नष्ट गर्न स्प्रे अभियान सुरू गर्न लागेको छ । पछिल्लो समय वीरगञ्ज महानगर क्षेत्रमा लामखुट्टेको प्रकोप बढेर डेंगी, मलेरियालगायतका संक्रमणको जोखिम बढेको भन्दै महानगरपालिकाले लामखुट्टे र त्यसको लार्भा नष्ट गर्ने अभियान सुरूआत गर्न लागेको हो । अभियानका क्रममा महानगरपालिकाले विभिन्न स्थानमा जमेका पानी सफा तथा स्प्रे गरिने महानगरपालिकाका सरसफाइ व्यवस्थापन शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिए ।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहको निर्देशनमा महानगरपालिकाले आज बिहीबारदेखि महानगरका सबै वडामा स्प्रे गर्न लागेको हो । लामखुट्टेको प्रकोप र त्यसबाट फैलिनसक्ने रोगको संक्रमण नियन्त्रणका लागि अभियान सुरू गर्न लागेको प्रमुख मियाँले बताए । लामखुट्टेको लार्भा नष्ट गर्नका लागि बिहानको समयमा तीन चरण पम्प स्प्रे गर्ने तालिका रहेको जनाएको छ । औषधि, पानी र मट्टितेलको मिसावट गरी बनाइएको स्प्रे वीरगञ्ज महानगरकाको ३२ वटै वडामा छर्किने योजना रहेको छ । *रासस*

# कारागारमा पाँच गुणा बढी कैदी

**रुकुम पश्चिम (प्रस)**- रुकुम पश्चिमको जिल्ला कारगारमा २५ कैदीको क्षमता भए पनि हाल यसको पाँच गुणा बढी अर्थात् १५० कैदीबन्दी राखिएको छ ।

विभिन्न अभियोगमा दोषी ठहर भएका र अभियोग लागेर फैसला हुन बाँकी रहेका गरेर १५० कैदी तथा थुनुवा रहेका छन् । पाँच महिला र २० पुरुष गरी २५ जना अटाउने क्षमताको कारागारमा हाल सो संख्यामा कैदी तथा थुनुवा रहेको कारागार प्रशासक तथा सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवाले जानकारी दिए । उनका अनुसार १०० जना विभिन्न अभियोगमा दोषी ठहर भएका कैदी छन् भने ५० जना विभिन्न अभियोगमा अदालतबाट फैसला आउन बाँकी रहेका थनुवा छन् । क्षमताभन्दा बढी संख्या हुँदा बसाइ व्यवस्थापनमा समस्या हुने गरेको छ ।

त्यसैगरी, हिउँको समयमा पानीको पनि उत्तिकै समस्या हुने गरेको कारागार प्रशासक बढुवाले जानकारी दिए । कारागारमा भवन तथा अन्य समस्याको समाधानका निम्ति पटक-पटक मौखिक तथा पत्राचार गर्दा पनि कारागार व्यवस्थापन विभागले व्यवस्था गर्दा कैदीबन्दीलाई समस्या हुने गरेको छ । रुकुम पूर्व र रुकुम पश्चिमको एउटै कारागार हुँदा पनि ठाउँको अभाव हुने गरेको छ । जिल्ला अदालत रुकुम पूर्वबाट पनि दोषी ठहर भएका कैदी तथा अभियोग लागेका थनुवा जिल्ला कारागार रुकुम पश्चिममै आउने गरेको कारागार प्रशासक बढुवाले जानकारी दिए ।

हाल कारागारमा पाँच महिलाको क्षमता भएकामा १० महिला, २० पुरुष अटाउने क्षमतामा १३८ र दुई नाबालक रहेको कारगार आन्तरिक प्रशासन प्रमुख प्रेम गिरीले जानकारी दिए । उनका अनुसार ७० वर्षमाथिका चार कैदीबन्दी छन् । त्यस्तै १६ महिनाका एक बालक र दुई वर्षका एक बालक गरेर दुई बालक पनि कारागारमा रहेका छन् ।

# आदिवासी संस्कृति प्रवर्द्धन गर्न महोत्सव

**चितवन (प्रस)**- आदिवासी जनजातिको भाषा, संस्कृति प्रवर्द्धन गर्न महोत्सवको आयोजना गरिने भएको छ । आगामी चैत ९ गतेदेखि १८ गतेसम्म नारायणी नदी किनासमा 'प्रथम आदिवासी जनजाति सांस्कृतिक तथा व्यापार महोत्सव' आयोजना गर्न लागिएको हो ।

आदिवासी जनजाति महासंघको आयोजनामा हुन लागेको महोत्सवको तयारी भइरहेको मंगलबार यहाँ पत्रकार सम्मेलनमार्फत जानकारी दिइयो । महोत्सवमा ३०० प्रदर्शनी कक्ष रहने छन् । भरतपुर भ्रमण वर्ष २०२४ लाई लक्षित गर्दै महोत्सवको आयोजना गरिएको महासंघ चितवनका अध्यक्ष एवं मेलाका संयोजक महेन्द्र दुराले जानकारी दिए ।

उनले भने, 'आदिवासी जनजातिको भाषा, संस्कृति संरक्षण गर्न महोत्सवको आयोजना गरिएको हो । यसले भरतपुर भ्रमण वर्षको प्रवर्द्धनमासमेत टेवा पुऱ्याउने लक्ष्य लिएका छौं ।' महोत्सव अवधिमा दैनिकजसो १७ वटा जातीय सांस्कृतिक प्रदर्शनी हुने छन् ।

चितवनमा हाल ४० आदिवासी जनजाति समुदायको बसोबास रहेको सो अवसरमा जानकारी दिइयो । तीन लाख ३२ हजारभन्दा बढी आदिवासीको बसोबास रहेको चितवनमा पहिलोपटक आयोजना गर्न लागिएको महोत्सवले आदिवासी संस्कृतिको संरक्षणसँगै पहिचानमासमेत सहयोग पुग्ने उनको अपेक्षा छ । महोत्सव दुई लाखभन्दा बढी दर्शकले अवलोकन गर्ने र एक करोड रूपैयाँ बराबरको कारोबार हुने लक्ष्य लिइएको छ ।

चितवनको कूल जनसंख्याको ४६ प्रतिशत आदिवासी जनजातिको जनसंख्या छ । चितवनमा थारू, दराई, कुमाल, तामाङ, बोटे, चेपाङ, मगर, गुरूङ, थकाली, नेवार, दुरा, राई, लिम्बू, भुजेल, हयोल्मो, बरामलगायतका जनजाति छन् ।

चितवनमा बसोबास गर्दै आएका आदिवासी जनजाति समुदायको जातिगत गतिविधिलाई अन्तर ाष्ट्रियस्तरमा प्रचारप्रसार गर्नका लागि पनि महोत्सव आयोजना गरिएको आयोजकको भनाइ छ । चितवन र आसपासका क्षेत्रभित्रका सांस्कृतिक विविधताको संरक्षण गरी समग्र जिल्लाकै आर्थिक, सामाजिक, पर्यटन, कृषि, घरेलु उद्योग, शिक्षा, स्वास्थ्यलगायत विभिन्न क्षेत्रको विकासमा सकारात्मक प्रभाव पार्नका लागि पनि महोत्सवले मुख्य भूमिका खेल्ने विश्वास लिइएको छ ।


## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOPBUILDER CO LTD

पूर्व स्वीकृति मिति : २०८०/०८/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No.:295024 | चलानी नं.: ६०२१०३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 60 | 0 | 16665 | ४८,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 6 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 3 | Helper | 7 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 4 | Mason | 100 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 5 | Operator Back Hoe Loader And Skid Steer Loader | 3 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 6 | Steel Fixer | 30 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 7 | Supervisor | 10 | 0 | 16665 | ४८,१३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AFFAN HOSPITALITY AND SERVICE

पूर्व स्वीकृति मिति २०८०/११/२२ | LT. No.301188 | चलानी नं: ६०२१६०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | १३१,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ६१,९६५ | | | | | | | |
| 3 | Foreman | 5 | 0 | 2500 | ९१,१२५ | | | | | | | |
| 4 | Labour | 1 | 0 | 1000 | ३६,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम इजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIM KOPI HOME SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२० | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 285507 | चलानी नं. ६०२१६०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 5 | 0 | 1500 | ४३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : QUANTUM TOTAL PACKAGES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 285572 | चलानी नं. :६०२१६०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 15 | 0 | 1500 | ४३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.
श्रम इजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAI SENG HIN ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 283832 | चलानी नं. : ६०१८७१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 15 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LLE HING TRADING SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 269068 | चलानी नं.६०१८४९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : U-STAR MARKETING SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 290165 | चलानी नं.६०२०५५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 45 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TANGKAK BEEF

पूर्व स्वीकृति मिति २०८०/१०/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 297947 | चलानी नं.६०२१२९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YI JIAN XIAO MIAN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८०/११/११ | LT. No. 300525 | चलानी नं. : ६०२१६०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : NATURE ACCESS TRADING SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८०/११/२३ | LT. No. 301192 | चलानी नं. : ६०२१६०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Himalayan Human Resources Nepal Pvt. Ltd.
श्रम इजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com


## कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/११/२४)

यस **प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि.**बाट तपसिलमा उल्लेखित ऋणीले व्यापारिक प्रयोजनको लागि लिएको कर्जाको साँवा, व्याज यस सहकारी सँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले संस्थाबाट पटक पटक लिखित तथा मौखिक रूपमा कर्जा चुक्ता गर्न ताकेता गर्दा समेत बेवास्ता गरि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाएकोले तपाई ऋणीको नाममा यो **३५ दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ दिन** भित्र संस्थाको कार्यालयमा सम्पर्क राखी बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर समेत चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणीलाई जानकारी गराईन्छ । अन्यथा सहकारी संस्थाको विनियम ऋण लगानी तथा असुली नियमावली, संसोधित सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो लिलामी विक्री प्रक्रियाबाट कर्जाको सम्पूर्ण रकम तथा असुली कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएको सम्पूर्ण खर्च समेत धितो लिलामी विक्रीबाट असुली गरिनेछ । धितो लिलाम विक्रीबाट कर्जा असुली नभए ऋणीको अन्य घर घराना र चल अचल श्रीसम्पतीबाट असुल उपर गरिने जानकारी समेत सम्बन्धित पक्षलाई यसै सूचनाबाट जानकारी गरिन्छ ।

तपसिल

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| नाम : राजेश महर्जन<br>बुवा : मचाग महर्जन<br>बाजे : ज्ञानमान महर्जन<br> | ऋणीको नाममा कंलकी मालपोत कार्यालयमा दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला च.न.पा.वडा न ६ साविक थानकोट महादेवस्थान गा.वि.स.वडा नं ५ स्थित कित्ता नं १०६८, क्षेत्रफल ८७.४३ वर्ग मि को घर जग्गा र सो ले चर्चेको लिग लगापात समेत । |

प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि.
चागल-१५ , काठमाडौं


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAILOR WADAN GENTS TAILORING

पूर्व स्वीकृति मिति : २०८०/११/२२ | LT. No. 301171 | चलानी नं. ६०२१६०२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mens Clothing Tailor | 1 | 0 | 1200 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
LOTUS Human Resourse Pvt. Ltd
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MEDMAC GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/११/२२ | LT. No. 300963 | चलानी नं. ६०२१६०४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1200 | ४३,३३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labourer | 2 | 0 | 800 | २८,८२० | | | | | | | |
| 3 | Reinforcing Fitter Assistant | 1 | 0 | 1000 | ३६,०२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## रोमानिया/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL

पूर्व स्वीकृति मिति २०७९/०८/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 276692 | चलानी नं. ६०१९२७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 44 | 0 | 550 | ६९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL (ROMANIA)

पूर्व स्वीकृति मिति २०७९/०४/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 267208 | चलानी नं. ६०१८४१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 4 | 550 | ६९,८२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housemaid | 0 | 10 | 550 | ६९,८२० | | | | | | | |

कम्पनी : INTERNATIONAL WORK FINDER (ROMANIA)

पूर्व स्वीकृति मिति २०७९/०४/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 267209 | चलानी नं. ६०१८४१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 6 | 0 | 550 | ६९,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook helper | 20 | 0 | 550 | ६९,८२० | | | | | | | |
| 3 | Factory Worker | 5 | 0 | 550 | ६९,८२० | | | | | | | |
| 4 | General Worker | 20 | 6 | 550 | ६९,८२० | | | | | | | |
| 5 | Housemaid | 0 | 10 | 550 | ६९,८२० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: ४०,०००/-

कम्पनी : MEGAMART SDN BHD.

पूर्व स्वीकृति मिति २०७९/१०/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ | LT. No. 279696 | चलानी नं. ६०१९५८७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Storage Labour | 80 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TOP W.A.L. ENTERPRISE

पूर्व स्वीकृति मिति २०८०/०५/१० | LT. No. 290171 | चलानी नं. ६०२१६०७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत १ गते (14th Mar. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT. LTD
श्रम इजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

प्रभाव दैनिक




## कँडेलविरूद्धको मुद्दा फिर्ता

लोकगायक तथा इन्द्रेणी कार्यक्रमका सञ्चालक कृष्ण कँडेलविरूद्ध काठमाडौं जिल्ला अदालतमा जबरजस्ती करणी उद्योगमा दर्ता भएको मुद्दा फिर्ता भएको छ। काठमाडौं जिल्ला अदालतमा कँडेलविरूद्ध मुद्दा दर्ता गर्ने पीडित महिलाले नै फिर्ता गरेको श्रोतले बताएको छ। इन्द्रेणी कार्यक्रममै कलाकार तथा कर्मचारीका रूपमा काम गर्ने एक महिलाले आफूमाथि पटक–पटक जबरजस्ती करणीको प्रयास भएको भन्दै कँडेलविरूद्ध फागुन १३ गते आइतबार मुद्दा दर्ता गराएकी हुन्। आफूलाई पटक पटक करणीको प्रयास गरिएको र महिलाकै कोठामा समेत पुगेर करणीको प्रयास भएको भन्दै ती महिलाले हदैसम्मको कारबाही र क्षतिपूर्तिको माग गर्दै कँडेलविरूद्ध मुद्दा दर्ता गराएकी थिइन्।





# ‘उपहारमा मेरो चरित्र चुनौतीपूर्ण छ’



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म ‘प्रेमगन्ज’का प्रेमजोडी अभिनेता तेज गिरी र अभिनेत्री बेनिशा हमाल यही शुक्रबारबाट रिलिज हुने फिल्म ‘उपहार’मा विवाहित जोडीका रूपमा देखिँदैछन् । अभिनेता तेजकै भनाईमा ‘प्रेमगन्ज’मा उनीहरूको अधुरो प्रेम थियो भने ‘उपहार’मा उनीहरूको पूर्ण प्रेम दर्शकले हेर्न पाउनेछन् ।

तेजका अनुसार ‘उपहार’ निर्देशक ज्ञानेन्द्र देउजाले फिल्म ‘प्रेमगन्ज’को प्रिमियर पछि उनलाई ‘सँगै काम गर्नुपर्छ’ भनेका रहेछन्। ‘फिल्म प्रेमगन्जकै कारण म उपहारमा जोडिएँ। फिल्मका लागि दुई नायकको फाइनल भईसकेपछि म जोडिएँ। प्रेमगन्जमा बेनिशाजी र मेरो क्यामेष्ट्री सुहाएको देखेपछि ज्ञानेन्द्र दाईले मेरो जोडी बेनिशालाई राख्नुभएको रहेछ’, तेज भन्छन्।

तेजका अनुसार ‘उपहार’मा उनी र वेनिशा विवाहित जोडी भए पनि दर्शकले त्यो जोडीभित्रको द्वन्द्वलाई हेर्न पाउनेछन् । ‘माया गर्ने जोडीले एकअर्काका अपेक्षाहरू सत प्रतिशत खोज्दा र एकअर्कामा देखिएका कमजोरीका कारण सम्बन्धमा आएको दरार यो फिल्ममा छ । त्यो विछोड र दरार पीडादायी नै छ’, तेज खुल्छन् ।

निर्देशक ज्ञानेन्द्र देउजसँगको सहकार्य तेजका लागि स्मरणीय रहेछ । ‘सबै निर्देशकमा भिन्न भिन्न विशेषता हुन्छन् । ज्ञानेन्द्र दाईसँग लामो अनुभव थियो, उहाँसँग छुट्टै विशेषता थियो । उहाँसँग अध्ययन र अनुभवको विशेषता थियो, जसमा एउटा नयाँपन थियो’, उनी भन्छन् ।


तेजको अनुभवमा निर्देशक ज्ञानेन्द्रले ‘अडियन्स प्वाइट अफ भ्यू’बाट फिल्म बनाएका छन् । ‘दर्शकले चाहे अनुसारको फिल्म बनाउनुभएको छ । दर्शकले अवश्य फिल्म स्वीकार्नुहुन्छ’, तेज भन्छन् ।

तेजको अनुभवमा पुराना निर्देशकसँग काम गर्नु ‘सय किताब पढ्नुभन्दा एउटा विद्वानको एक घण्टाको प्रवचनले धेरै कुरा सिकिन्छ’ भन्ने बुझेका रहेछन् । ‘पुरानासँगको अनुभव, कार्यशैली र काम गर्दा यी कुरा सिक्न पाएँ। मैले आफ्नो चरित्र जति निभाएको छु, त्यो मेरो सुधारिएको अभिनय पनि हो । निर्देशक र टिमको सहकार्यले नै यो सम्भव भएको छ’, उनको बुझाई छ ।

तेजले अनुभव र पुरानो ठूलो व्यानरमा काम गर्दा मानसिक रूपमा आफूलाई कता कता असहज भएको अनुभव सुनाए। ‘म भित्र रहेको चिज देखाउन सक्दिनँ कि निकाल्न सक्दिनँ कि भन्ने फिल हुँदो रहेछ । पुरानो टिमसँग काम गर्दा मैले दिएको चिजले उहाँहरूलाई सन्तुष्ट बनाउन सक्दिनँ कि अथवा मबाट चिज पनि निस्कँदैन कि भन्ने हुँदो रहेछ। तर उहाँहरूले काम गर्ने वातावरण बनाइदिएपछि सहज भयो’, तेजले भने ।

‘उपहार’मा आफ्नो चरित्रलाई तेज चुनौतीपूर्ण मान्छन् । ‘एउटा दृश्य अलिक भारी किसिमको छ, जहाँ बेनिशाजी र मेरो मायासहितको झगडा छ। त्यो नचाहँदा नचाहँदै सिर्जना भएको झगडा थियो’, उनी भन्छन् । तेज ‘उपहार’को कथालाई समाजमा भएको मौलिक घटनाको रूपमा बुझ्छन्। ‘फिल्म हेर्दा जोकोहीले त्यो चरित्रभित्र आफूलाई अनुभव गर्न सक्छन् । यसमा महिला सशक्तिकरण, वर्ग संघर्षका कुरा छन्, जुन हाम्रो समाजमा जल्दोबल्दो रूपमा उठेका कुराहरू हुन्’, तेज भन्छन् । मायाको अभाव र प्रभावमा समाज वास्तवमा गलत बाटो तिर जाँदैछ भन्ने कुरालाई पनि फिल्मले देखाउने उनको बुझाई छ। ‘अविवाहित जोडीहरू मायाको प्रभावमा र विवाहित जोडीहरू मायाको अभावमा महशुस गरिरहँदा आएको सम्बन्धको दरार फिल्ममा छ। श्रीमान श्रीमतिले सम्बन्धलाई प्रगाढ बनाउन के के कुराको कम्प्रमाइज नगरी सम्बन्ध अगाडि बढ्दैन र के के कम्प्रमाइज नगर्दा कस्ता घटना निस्कन्छ भन्ने कथा यसमा छ’, उनी भन्छन् ।

# सलिना र आर्यनले ‘हामी छौं’ निर्माण गर्ने



**काठमाडौं (प्रस)–** निर्देशक शोभित बस्नेतकी छोरी सलिना बस्नेतले आर्यन पौडेलसँग मिलेर डकुड्रामा ‘हामी छौं’ निर्माण गर्ने भएकी छन् । यो डकुड्रामामा उनीहरूको नै मुख्य भुमिका रहनेछ । डकुड्रामाको निर्देशन कसले गर्ने भनेर टुंगो लागिसकेको छैन ।

सलोन सलिना फिल्मस्को ब्यानरमा निर्माण हुने डकुड्रामामा नाम चलेका निर्देशक नै लिने तयारी सलिनाको छ । उनी र आर्यन यो ड्रामाको छायांकनको लागि आगामी मेमा नेपाल आउँदैछन् । उनीहरू दुवै जना लामो समयदेखि अष्ट्रेलियामा बस्दै आएका छन् ।

यो डकुड्रामामार्फत सात प्रदेशबाट ७ जना कलाकार छनोट गरिनेछ । जो वास्तविक जीवनमै पीडित छन् । हरेक मान्छेलाई हरेक एपिसोडमा राम्रो आर्थिक सहयोग गर्ने तयारी सलिना र आर्यनको छ । डकुड्रामाको उद्देश्य चाहिने भन्दा बढि आर्थिक रूपमा पीडितलाई सहयोग गर्ने रहेका सलिनाले बताइन् ।

सात एपिसोड निर्माण गरिने डकुड्रामालाई ७ जना निर्देशकले नै निर्देशन गर्नेछन् । निर्देशकको नाम चाँडै घोषणा गरिनेछ । डकुड्रामाको संगीत शम्भुजित बास्कोटाले दिनेछन् भने गीत आनन्द अधिकारीले लेख्नेछन् । हाललाई यो ड्रामाको बजेट ५० लाख छुट्याइएको छ ।

सलिना अहिले अस्ट्रेलियाको सिड्नीमा र आर्यन ब्रीज्बेनमा कार्यरत छन । अहिले दुवैजना अस्ट्रेलियाको सोसल मिडियामा भाइरल छन् ।

# क्रिकेटका लागि ५ करोड निकासा

**काठमाडौं (प्रस)–** आइसिसी पुरुष टी-ट्वान्टी विश्वकप क्रिकेट प्रतियोगिताको तयारीका लागि अर्थ मन्त्रालयले रु पाँच करोड निकासा गरेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले विश्वकप क्रिकेट प्रतियोगिताको तयारीका लागि उक्त रकम निकासा भएको जानकारी दिए । ‘नेपाली टोलीले क्रिकेटको विश्वकप जस्तो ठूलो प्रतियोगिता खेल्दै छ । विश्वकपको तयारीका लागि राष्ट्रिय खेलकुद परिषद्ले युवा तथा खेलकुद मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा रकम निकासाका लागि सिफारिस गरेको थियो । खेलकुदको महत्वलाई बुझेर रकम निकासा गर्न सहयोग गर्ने नेपाल सरकार, सम्माननीय प्रधानमन्त्रीज्यू, अर्थ मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालयप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु’, उनले भने ।

नेपाली पुरुष क्रिकेट टोली विश्वकपका लागि छनोट भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपाली टोलीको तयारीका लागि लाग्ने खर्चमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरेका थिए । सदस्य-सचिव घिसिङले खेलाडीले उच्च मनोबलका साथ तयारी गर्दै विश्वकपमा उत्कृष्ट प्रदर्शन गरी नेपालको प्रतिष्ठा अझ अभिवृद्धि गर्ने विश्वास लिएको बताए । नेपालले घरेलु मैदानमा गत अक्टोबर ३० देखि नोभेम्बर ५ तारिखसम्म भएको आइसिसी पुरुष टी-२० विश्वकप एसिया रिजनल क्वालिफायरको सेमिफाइनल खेलमा युनाइटेड अरब इमिरेटस् (युएई)लाई आठ विकेटले हराउँदै विश्वकपमा स्थान बनाएको थियो ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AWARD PLASTIC SDN.BHD.

पूर्व स्वीकृति मिति:२०७९/११/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/११/२३ LT. No. 281695 चलानी नं. ६०१९७२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
